

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २१ गते आइतबार ❑ 4 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भ्रष्टाचारविरुद्धको अभियानमा राजनीतिक सौदाबाजी हुँदैन : उपप्रधानमन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २० माघ

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले चालेको सुशासनको अभियान कुनै पनि हालतमा नरोकिने बताउनुभएको छ।

पोखरामा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले देशको समृद्धिका लागि सुशासन अनिवार्य शर्त रहेकाले वर्तमान सरकार सुशासन कायम गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । उहाँले जनतालाई पनि सरकारले छिटोछिटो काम गरेर देशमा सुशासनका लागि काम गरोस् भन्ने अपेक्षा रहे पनि सबै घटनामा तथ्य प्रमाणले पुष्टि गरेपछि मात्र अनुसन्धान प्रक्रिया अघि बढाइएको बताउनुभयो।



उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, “सरकार विधिसम्मत जाँदा कतिपय राजनीतिक सौदाबाजीका आधारमा वा अरु कुनै अवाञ्छित चलखेलका आधारमा सरकारले कुनैमा पनि सम्झौता गर्दैन, त्यसमा हामी प्रष्ट छौँ, तर जनतालाई पनि एउटा अपेक्षा छ, जनताको अपेक्षा वा केही आभासका आधारमा मात्र कसैलाई कारबाहीको दायरामा लिन मिल्दैन, तथ्य, प्रमाणले पुष्टि गर्नुपर्दछ ।” श्रेष्ठले देशले समृद्धिमा फड्को मार्न नसक्नुमा सुशासन स्थापित गर्न नसक्नु रहेकाले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित अन्य कदम चालिरहेको बताउनुभयो। उहाँले भ्रष्टाचारमा संलग्नलाई सरकारले कारबाहीको दायरामा ल्याउँदा राजनीतिक दलका नेता, कर्मचारी तथा व्यवसायीले दबाब दिने गरेको उल्लेख गर्नुभयो । उहाँले यही माघ २४ गते प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय समन्वय परिषद्‌को बैठकले प्रहरी समायोजनको काम अघि बढाउने बताउनुभयो । “राष्ट्रिय समन्वय परिषद्‌को बैठक बसेर समझदारी बनाउने र त्यसका आधारमा समायोजन समिति घोषणा गर्छौं, समितिले समायोजन कार्यक्रम तालिका प्रकाशित गर्नेछ”, उहाँले भन्नुभयो।

## आर्मी पहिलोपटक आहा ! रारा पोखरा गोल्डकप च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २० माघ

विभागिय टोली त्रिभुवन आर्मी क्लवले पोखरामा संचालन भएको प्रतिष्ठित आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगितामा इतिहास रचेको छ । यस अघिका संस्करणमा ४ पटक फाइनलमा पुगेर पनि उपाधि विहिन भएको आर्मीले नेपालको चर्चीत क्लव थ्रि स्टार क्लवसंग ५ बर्ष अघिको बदला लिदै पोखराको मैदान इतिहास रचेको हो।

पोखरा रंगशालाको फुटवल मैदानमा शनिबार सम्पन्न भएको २३ औं आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको फाइनल खेलमा आर्मीले थ्रिस्टार माथि एकतर्फी ३-० को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। आर्मीको जितमा जिलष्पीजंग कार्की, फत्तेमान घले र बसन्त जिम्बाले गोल गर्नु भयो। खेलको ३९ औं मिनेटमा कर्कीले, खेलको ८३ औं मिनेटमा घले र खेलको इन्जुरी समयमा घलेले गोल गरेका हुन्। सिद्धान्त चौधरीको कर्नर वलमा कार्कीले हेड मार्फत पहिलो गोल गर्नु भएको हो । कार्की खेलमा म्यान अफ्दी म्याच घोषित हुनु भयो । सहारा युकेका अध्यक्ष



कृष्ण गुरुङ सहितको टिमले उहाँलाई १५ हजार पुरस्कार वितरण गर्नु भएको हो।

२०७५ सालमा भएको उक्त प्रतियोगितामा थ्रिस्टारले टाईब्रेकरमा ५-४ को अन्तरले पराजित गरेको थियो भने ५ बर्ष पछि आर्मीले बदला लिदा चार पटक फाईनलमा पुगेर उपाधि विहिन भएको आर्मीले पहिलो पटक उपाधि जितेको हो । आर्मीले उपाधि सहित १२ लाख १ हजार पुरस्कारको प्राप्त गरेको छ भने उपविजेता भएको थ्रि स्टारले ६ लाख १ हजार पुरस्कार प्राप्त गरेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो। यही माघ ९ गते देखि सुरु भएको प्रतियोगितामा एक विदेशी सहित १२ टिमको सहभागिता रहेको खेल संयोजक पूर्णबहादुर गुरुङले जनाउनु भयो। उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने अध्यक्ष केशवराज बरालले बताउनु भयो। दर्शकलाई आकषर्ण गर्न फ्यान अफ दी म्याच समेत घोषणा गरिएको छ। शनिबार को खेलमा कृष्ण थापा र अम्मरबहादुर मगर फ्यान अफ दी म्याच घोषित हुदै जनही ५ हजार रुपैया हात पार्न सफल हुनु भयो। उक्त कार्यक्रमलाई वेलायत निवासि उमा र रामचन्द्र गुरुङको सहयोग प्राप्त भएको क्लवका शुर्दशन रञ्जितले बताउनु भयो। फाइनल खेलमा दश हजार भन्दा बढी दर्शकको सहभागिता रहेको थियो।

यसैगरी प्रतियोगितामा त्रिभुवन आर्मी क्लवका बिमल पाण्डे उत्कृष्ट खेलाडी घोषित हुनु भएको छ । उहाँलाई इलेक्ट्रिक स्कुटर पुरस्कार प्रदान गरिएको छ। एक विदेशी सहित १२ टिम सहभागिता रहेको प्रतियोगितामा जाउलाखेल युथ क्लव अनुशासित टीम घोषित भएको छ । त्यसै गरी प्रतियोगितामा आर्मीका दिनेश हेन्जन (३ गोल) सर्वाधिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ : उपमहासचिव गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २० माघ

नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले देशको अर्थतन्त्र बलियो बनाउन सरकारले निजी क्षेत्रसँग सहकार्य गरी अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

नेपाल उद्योग तथा व्यवसायी महासङ्घ गण्डकीको प्रथम प्रदेशसभालाई शनिबार पोखरामा सम्बोधन गर्दै उहाँले पछिल्लो समय नेपालको अर्थतन्त्रमा मन्दी देखिएकाले सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै अर्थतन्त्रलाई सुधार गर्न जरुरी भएको उहाँले बताउनुभयो । आर्थिक मन्दीकै कारण धरासायी बनेको उद्योग व्यवसायका समस्या समाधान गर्न जरुरी भएको उहाँको भनाइ थियो । “सरकारले पनि अब आर्थिक उपार्जनका बाटाहरू




खोज्दै समृद्ध नेपाल र खुसी नेपालीको आकाङ्क्षा पूरा गर्न अग्रसर हुनुपर्छ”, उहाँले भन्नुभयो। गाउँ र विश्वविद्यालय खाली भएको अवस्थामा विदेशी लगानी भित्र्याएर युवाहरूलाई नेपालमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने भनाइ उहाँको थियो । नेपाल उद्योग तथा व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष एलपी साँवाले निजी क्षेत्रसँग हातेमालो गर्दै सरकार अगाडि बढ्न जरुरी भएको बताउनुभयो । निजी क्षेत्रले रु ५५ लाख नेपालीलाई रोजगारी दिएको दाबी पनि उहाँको थियो।

महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सञ्जीवबहादुर कोइरालाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले प्रशिक्षण दिनुहुनेछ । सभामा गण्डकी प्रदेशका ११ जिल्लाका उद्यगी व्यवसायीको सहभागिता छ।

## अनुशासन र विधिमा टेकेर पार्टी नेतृत्व छान्नुपर्छ : नेता वाग्ले

पोखरापत्र संवाददाता
दमौली, २० माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा स्वर्णिम वाग्लेले अनुशासन र विधिमा टेकेर पार्टीमा नेतृत्व छान्नुपर्ने धारणा राख्नुभएको छ । रास्वपा व्यास नगर समितिको आज दमौलीमा आयोजित भेलालाई सम्बोधन गर्दै डा वाग्लेले पार्टीमा अनुशासन र विधिको शासनलाई कडाइका साथ पालना गर्नुपर्ने उल्लेख गर्नुभयो।

पार्टीमा गुट बनाउने, नेताको नजिक हुन खोज्ने प्रवृत्ति भएकाले त्यस्ता प्रवृत्तिलाई रास्वपाले प्राथमिकता नदिने वाग्लेको भनाइ थियो । उहाँले भन्नुभयो, “राजनीतिक दलभित्र गुटबन्दी, नेताको चाकरी गर्ने प्रवृत्ति हुन्छ, हाम्रोमा पनि त्यस्तो प्रयास हुनसक्छ। त्यसमा हामी सचेत छौँ ।” तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य रहनुभएका वाग्लेले भ्रष्टाचार, विकृति र कुशासन भित्र्याउन खोज्ने तत्वविरुद्ध सचेत हुँदै त्यस्ता तत्वलाई हटाउन निर्मम बनिने उल्लेख गर्नुभयो। पार्टीमा देशैभर सर्वसाधारण जनताको आकर्षण बढेको बताउँदै आगामी चुनावमा रास्वपाको लहर आउने वाग्लेले दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, “तनहुँ र चितवनको उपनिर्वाचनले पार्टीमा जनलहर आएको प्रमाणित भइसकेको छ । आगामी चुनाव २०८४ मा पार्टी सभापति रवि लामिछानेकै नेतृत्वमा हामी चुनावमा जाने हो ।” डा वाग्लेले पार्टीका १९ जना सांसद ४९ वर्षभन्दा कम उमेर समूहका रहेको बताउँदै अगाडि थप्नुभयो, “हामीले अझै २० वर्षका लागि नेतृत्व तयार गरिसकेका छौँ। पाका नेताहरूलाई समेत पार्टीमा उचित जिम्मेवारी दिइन्छ।”

डा वाग्लेले राजनीतिलाई सङ्ल्याउने अभियानलाई अगाडि बढाउँदै सामाजिक न्यायसहितको उद्धार अर्थतन्त्रको नीति लिइएको बताउनुभयो। कांग्रेसलाई कम्युनिष्ट बन्न गाह्रो र कम्युनिष्टलाई कांग्रेस बन्न गाह्रो हुने भन्दै वाग्लेले रास्वपामा भने सबै अट्ने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, “सबै नेपाली अटाउन सक्ने पार्टी भनेको रास्वपा हो। नेपाली माटो सुहाउँदो पार्टीको छ।” पार्टीमा नेतृत्व गर्न आउनेलाई केन्द्रबाट हस्तक्षेप नगर्ने भन्दै उहाँले तल्लो तहबाटै नेतृत्व छनोट गरिने बताउनुभयो। रास्वपा राजावादी पार्टी नभएको बताउँदै राजा चाहिन्छ भन्नेहरू पार्टीमा रहन नसक्ने वाग्लेको भनाइ थियो।

## देश निर्माणमा समर्पित हुन युवालाई अध्यक्ष ओलीको आग्रह

रासस
काठमाडौं, २० माघ

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले युवा तथा विद्यार्थीलाई देशप्रति समर्पित हुन आह्वान गर्नुभएको छ।

एमाले काठमाडौं जिल्ला कमिटीद्वारा शनिबार यहाँ आयोजित 'युवा महोत्सव'मा उहाँले देश निर्माणका लागि युवाको सहभागिताको आवश्यकता औंल्याउदै देशलाई प्रेम गर्न समेत आग्रह गर्नुभयो । “आफनो देशलाई माया गरौं । म भाईबहिनीहरूलाई भन्न चाहन्छु कुनै पनि देश अर्काले आएर

बाँकी अन्तिम पृष्ठमा ▶▶


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।


- ◆झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- ◆सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- ◆आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- ◆हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- ◆सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा अन्तर्राष्ट्रिय म्याराथन : दृष्टिबिहिन र ह्विलचियर दौड माघ २७ गते हुने

पोखरापत्र संवाददाता
पोखरा, २० माघ

१८ औं सस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत दृष्टिबिहिन र ह्विलचियर दौड माघ २७ गते शनिबार हुने भएको छ।

सो दौड सम्पन्न गर्न गठित उपसमितिको बैठकले ति दुबै इभेन्टहरु माघ २७ गते गर्न सुझाब दिए संगै मञ्चको कार्यकारी समितिको बैठकले उक्त सुझाबलाई मनन गर्दै सो दिन तय गरिएको नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिएका हुन्।

१८ औं संस्करणको पोखरा म्याराथन पोखरा रंगशालामा सुरु भएर पोखरा ६ स्थित लेकसाइडको क्याम्पिङ चौरमा सम्पन्न हुने गरी नयाँ रुट तय भए संगै अपाङ्ग तर्फको दौडलाई एक साता अगावै सम्पन्न गर्ने गरी उपसमितिले आयोजकलाई सुझाब दिएको उपसमितिका संयोजक अमृत बरालले बताए।

फागुन ५ गते हुने म्याराथनमा अत्याधि भिड बढ्ने संगै अपाङ्गतर्फको दौड समेत सञ्चालन गर्न समस्या हुने भएकोले खेलकुदको अन्तर र्ष्ट्रिय मान्यता अनुरुप एक साता अगावै दौड सम्पन्न गर्ने तयारी आयोजकले गरेको मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले बताए। उनले भने-"यो अन्तर्राष्ट्रिय मान्यता अनुरुप समेत हो। हामीले समाजका हरेक वर्गलाई म्याराथनमा जोड्ने उद्धेश्य अनुरुप यो दौड समावेश गरेका हौं। उहाँहरुमा आफ्नै उत्साह हुन्छ। हामी त्यो उत्साहमा अझै उचाई थपियोस भन्ने चाहन्छौं।" अपाङ्ग तर्फको दौडमा महिला-पुरुषतर्फ दृष्टिविहिन र ह्विलचियर दौड समावेश गरिएको छ। महिला र पुरुष दुबैतर्फका बिजेतालाई पहिलो, दोश्रो र तेश्रो हुनेलाई क्रमश नगद रु १० हजार, ७ हजार र ५ हजारका साथमा मेडल, तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

यस पटक सहभागिहरुलाई समेत मेडलको व्यवस्था गरिएको मञ्चले जनाएको छ।

# कल्याण शेरचन स्मृति दिवस मनाइदै, कुमार र राजनलाई सम्मान गरिने

पोखरापत्र संवाददाता
पोखरा, २० माघ



कल्याण शेरचन स्मृति प्रतिष्ठानले वरिष्ठ लोक गायक कुमार बस्नेत र लोक गायक राजन कार्कीलाई सम्मान अर्पण गर्ने भएको छ। प्रतिष्ठानले लोक स्रष्टा, साधक तथा शिल्पी स्व. कल्याण शेरचनको १३ औं स्मृति दिवसको सन्दर्भ पारेर उनीहरुलाई सम्मान गर्न लागेको हो।

स्रष्टा सम्मान अन्तरगत 'उनकै छोरी तरुनी', 'कटर कटरमा', 'लैबरी लै', 'छोरी भन्दा आमा तरुनी' लगायतका चर्चित गीतका स्रष्टा बस्नेतलाई ३३ हजार ३ सय ३३ रुपैयाँ नगद सहित र स्व.चेतन कार्की नव प्रतिभा प्रोत्साहन सम्मान पुरस्कारबाट राष्ट्रिय लोक तथा दाहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष रहेका कार्कीलाई ११ हजार १ सय ११ रुपैयाँ नगद सहित सम्मान अर्पण गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष क्या.पूर्णबहादुर गुरुङ ह्योल्मोले जानकारी दिए। स्रष्टा सम्मान, एवम् स्व. चेतन कार्की नव प्रतिभा प्रोत्साहन सम्मान पुरस्कार छनोट समितिका संयोजक खेम गुरुङको संयोजकत्वमा गठन भएको समितिले गरेको सिफारिसको आधारमा उनीहरुलाई सम्मान गर्ने निर्णय गरिएको हो। छनोट समितिको सदस्यमा पदमराज ढकाल, मनकुमार श्रेष्ठ, ज्ञानबहादुर थापा र यामबहादुर गुरुङ रहेका थिए।

उनीहरुलाइ यहीं माघ २४ गते बुधवार साइमन पार्टी प्यालेसमा दिउँसो ३ बजे वरिष्ठ संस्कृतिविद् डा.जगमान गुरुङको प्रमुख आतिथ्यतामा कार्यक्रम गरेर नगदको साथमा फूलमाला, दोसल्ला र सम्मानपत्र सहित सम्मान अर्पण गरिने प्रतिष्ठानका सचिव जीवन दाहालले जानकारी दिए। नेपाली लोक गीत तथा संगीतमा चर्चित गीतहरु 'सोह्र वर्षे उमेरैमा', 'आहा कलिलो तामालाई', 'राम्दी पुल' जस्ता गीतका सर्जक लोक स्रष्टा, साधक तथा शिल्पी स्व. कल्याण शेरचनको स्मृतिमा कल्याण शेरचन स्मृति प्रतिष्ठान स्थापना भएको हो। स्मृति प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि सक्रियरुपमा विभिन्न कार्यहरु गर्दै आइरहेको छ। स्रष्टा कल्याण शेरचनको देहावसान पश्चात हिमाली सांस्कृतिक परिवारले २०६८ सालमा पश्चिमाञ्चल स्तरीय कौराह (चुट्का) गीत प्रतियोगिताको आयोजना गरेको थियो। उक्त प्रतियोगिताबाट संकलित रकमले अक्षयकोष स्थापना गरी २०६९ सालमा जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गराई प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठान समाज कल्याण परिषदमा पनि दर्ता भएको छ। प्रतिष्ठानले हरेक वर्ष साउन १२ गते शेरचनको जन्म जयन्ती र माघ २४ गते स्मृति दिवसमा विभिन्न कार्यक्रमको आयोजना गर्दै आइरहेको छ।

प्रतिष्ठानले स्रष्टा कल्याण शेरचनले अंगालेका विधाहरु लोक संस्कृति, शिक्षा र खेलकुद क्षेत्रमा योगदान पुयाउनु हुने व्यक्तित्वहरुलाई सम्मान अर्पण गर्ने गरेको हो। यस क्रममा वरिष्ठ नृत्य प्रशिक्षक भैरवबहादुर थापा, वरिष्ठ फुटबल प्रशिक्षक स्व.डम्बरसिंह गुरुङ, शिक्षाविद् बलवीर सिंह नेगी, वरिष्ठ संगीतकार प्रकाश गुरुङ, शिक्षाविद् रुप बहादुर गुरुङ र वरिष्ठ खेलाडी एवम् प्रशिक्षक खड्गबहादुर रानाभाट, शिक्षाविद् स्व.योगेन्द्र बहादुर बस्नेत, वरिष्ठ लोक गायक नारायण रायमाझी, वरिष्ठ कलाकार बाबा राणालाई सम्मान तथा अभिनन्दन गरिसकेको छ।

यसैगरी सेभेन ए साईड फूटबल प्रतियोगिता, पश्चिमाञ्चल स्तरीय कौराह नृत्य साँस्कृतिक कार्यक्रम, भूकम्पपीडित विद्यालयको पुनर्निर्माण, राष्ट्रिय लोक बाजा मादल बादन प्रतियोगिता, राष्ट्रिय सारङ्गी बादन सम्मेलन, राष्ट्रिय एकल नृत्य प्रतियोगिता, राष्ट्रिय खुल्ला दोहोरीगीत प्रतियोगिता जस्ता महत्वपूर्ण कार्यक्रमहरु समेत प्रतिष्ठानले सफलतापूर्वक सम्पन्न गरिसकेको छ। स्मृति दिवसको कार्यक्रमलाई भव्य बनाउन तयारीमा तीव्रता दिइएको सचिव दाहालले बताए।

# शैक्षिक गुणस्तरलाई प्राथमिकता दिन पोखराका मेयर आचार्यको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २० माघ



पोखरा महानगरका मेयर धनराज आचार्यले शैक्षिक गुणस्तरलाई प्राथमिकता दिन सरोकारवालाहरुलाई आग्रह गरेका छन्।

महानगरपालिका वडा नं ३३ भरतपोखरीको शिशुकल्याण माध्यमिक विद्यालयको आफ्नो ४६ औं वार्षिकोत्सव एवम् ४७ औं अभिभावक दिवसको प्रमुख आमन्त्रित ब्याक्तित्वका रूपमा बोल्दै उनले बिश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिए। गुरुहरुले शत प्रतिशत ज्ञान हस्तान्तरण गर्न उनले सुझाव दिए। भरतपोखरीको विकास आफ्नो कर्तव्य हो भन्दै मेयर आचार्यले आफूले सक्दो गरिरहेको बताए। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३३ वडा अध्यक्ष रामचन्द्र अधिकारीले शिक्षा क्षेत्रमा सरकारको राम्रै लगानी रहेको बताउँदै त्यसको प्रतिफल आउने गरी गुणस्तरीयता अभिबृद्धि गर्नेतर्फ लाग्नुपर्ने आवश्यकता औंल्याए। पोखरामहानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत सोमनाथ भण्डारीले दीगो र सार्थक विकासका लागि विद्यार्थीहरूमा राष्ट्रप्रेमको भावना जगाउने किसिमले शिक्षणसिकाईमा जोड दिनुपर्ने बताए। शान्ति उदय माविका प्रअ टेकनारायण गिरीले अभिभावकको जागरुकतामा जोड दिदै अभिभावकले विद्यालय तथा शिक्षकलाई समय समयमा घचघच्याउन सकेमा त्यसले शैक्षिक संस्था राम्रो बन्न सघाउने वताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीभद्र बरालले स्वागत गर्दै विद्यालय स्थापनादेखि हालसम्म आउँदाका भोगाई तथा अनुभवको स्मरण गर्दै समयसापेक्ष शिक्षाका लागि सबैको सहयोग को अपेक्षा गरेका थिए। पूर्व प्रअ जगदीश सुबेदीले सञ्चालन गरेको कार्यक्रममा प्रधानाध्यापक सुदन पौडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा समितिका सल्लाहकार डिल्लीराम बराल,रास्वपा केन्द्रीय प्रशिक्षण विभागका सदस्य नेता माधवप्रसाद कडेल,समाजसेवी पिताम्बर पौडेल लगायतले शुभकामना मन्तव्य दिएका थिए। विद्यालयका विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए भने वर्षका उत्कृष्ट छात्रछात्रालाई पुरस्कार तथा कक्षा १२ मा कास्कीमै ३.७१ जि पि ए ल्याइ राम्रो गरेका भागवत चौधरीलाई सम्मान गरिएको थियो।

# राजनीतिप्रति सकारात्मक सोच ल्याउन जनतामाझ पुग्नैपर्ने

पोखरापत्र संवाददाता
पोखरा, २० माघ




नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले नेपालको राजनीतिप्रति आमजनताको सोच सकारात्मक बनाउन उनीहरुका आवश्यकता बुझेर दलहरु अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभएको छ।

प्रेस चौतारी कास्कीद्वारा शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले नेपालमा राजनीतिक अस्थिरता आउन नदिन गणतन्त्रवादी शक्ति चनाखो हुनुपर्नेमा जोड दिनुभयो। "वर्तमान अवस्थामा देशमा सामाजिक सद्भाव कायम गर्न त्यति नै आवश्यकता देखिएकाले दलहरु सचेत भएर त्यसतर्फ पनि ध्यान दिन जरुरी छ", नेता ज्ञवालीले भन्नुभयो, "विभिन्न जातजाति, धर्म, संस्कृति मिलेर बसेको देशमा सामाजिक सद्भाव बिग्रन दिनु हुँदैन।"

केही वर्षअघिमात्र द्वन्द्वबाट शान्ति प्रक्रियामा अगाडि बढेको देश नेपालमा पुनःद्वन्द्वको अवस्था आउन नदिन दलहरुले सोच्न जरुरी भएको उल्लेख गर्दै नेता ज्ञवालीले सङ्क्रमणकालीन न्यायका पक्षमै रहेकाले शान्तिप्रक्रियाका हरेक गतिविधिमा सरकारलाई एमालेको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। अवसरको खोजीमा युवा विदेश पलायन हुँदा नेपालका गाउँबस्ती शून्य बन्दै गएकाले युवालाई नेपालमै रहने वातावरण बनाउन सरकारले युवालक्षित विभिन्न किसिमका कार्यक्रम ल्याउन जरुरी भएकामा उहाँले जोड दिनुभयो।


## आर्मी ...

गोलकर्ताको उपाधि हात पार्नु भएको छ भने उत्कृष्ट गोलरक्षकमा आर्मीका समित श्रेष्ठ घोषित हुनु भयो। त्यस्तै प्रतियोगितामा उत्कृष्ट डिफेण्डरमा आर्मीका बिमल पाण्डे, मिड फिल्डरमा थ्रि स्टारका बिबेक पौडेल, स्टाईकरमा आर्मीका जिलेष्पीजंग कार्की र उत्कृष्ट प्रशिक्षकमा आर्मीका मेघराज केसी घोषित हुनु भयो। उहाँहरुलाई उपाधि सहित जनही २५ हजार नगद पुरस्कार प्रदान गरिएको छ। उत्कृष्ट प्रशिक्षक केसीले प्राप्त पुरस्कार मध्य २० हजार सहारा अक्षयकोषको लागि र ५ हजार खेलाडीको लागि सहयोग गर्नु भएको छ। पब्लिक च्वाईसमा आर्मीका भरत खवास र थ्रिस्टारका अभिषेक बराल घोषित हुनु भयो। बिजेता खेलाडीहरूलाई अखिल नेपाल फुटवल संघका अध्यक्ष पंकजबिक्रम नेम्वाङ, सहारा क्लवका संस्थापक अध्यक्ष वसन्त थकाली, सहारा युकेका अध्यक्ष कृष्ण गुरूङ, हिमश्री फुड्सका निर्देशक द्रव्य प्रकाश केसी, किरण केसी, प्रदेश खेलकुद परिषद गण्डकीका निमित्त सदस्य सचिव केशव पाठक, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँ, क्लवका अध्यक्ष केशवराज बराल लगायतले पुरस्कार वितरण गर्नु भएको थियो।

## देश ...

बनाइदिन्न, आफैले बनाउनुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो। उहाँले देशमा विद्यमान समस्या समाधानका लागि युवाको भूमिका महत्वपूर्ण हुने पनि उल्लेख गर्नुभयो। "हाम्रा अघि समस्या छन्, युवा जनशक्ति विदेश पलायन भइरहेका छन्। यो समस्यासँग भाग्ने होइन जुधेर समाधान गर्ने हो", उहाँले भन्नुभयो, "देशमा निरकुंश राजतन्त्र र पञ्चायती तानाशाह थियो त्यसविरुद्ध हामी भागेको भए अहिले लोकतान्त्रिक गणतन्त्र यहाँ आउदैन थियो।"

देशको उत्पादन र उत्पादकत्व बढाएर सुदृढ हुनुपर्नेमा जोड दिँदै विप्रेषणमा भरपर्नु अर्थतन्त्रका लागि राम्रो नभएको अध्यक्ष ओलीको भनाइ थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सदनलाई प्रभावकारी बनाऊ

संसदको हिउँदे अधिवेशनको पूर्व सन्ध्यामासंघीय संसदमा प्रतिनिधित्व गर्ने दलहरुले संसदीय दलको बैठक सदनमा खेल्नुपर्ने विषयमा केन्द्रित भएको छ । कानून बनाउने थलोमा कानून कम बनेको र कहिलेकाहीं गणपुरक संख्या नपुगेर बैठक स्थगित भएको छासांसदहरु हाजिर गरेर टाप कस्ने गरेको भनी दलका प्रमुख सचेतकले समेत दुखेसो गरेका छन।कतिपय सांसद अक्कल झुक्कल बोल्ने गर्दछन । सदनमा देशका समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउने देखि जनताले भोगेका समस्या राख्ने थलो संसद बनाउनु, ढ पर्ने हो । ठूला देखि साना दलका अगाडिको भागमा बस्ने नेताहरु बोल्दै नबोल्ने गरेका छन ।

पार्टीको टोल कमिटीमा घण्टौ बोल्ने नेता संसदमा भलाद्मी बनेर मौन व्रत बस्ने गर्दछन।दलका शिर्ष नेताहरु चुप बस्नु सरकारलाई सहयोग हो।बाहिर ठूला गफ दिनेले सदनमा मौन रहनु सरकारलाई मनपरी गर्ने छुट हो । सरकारको नेतृत्व गरेको नेकपा माओवादीले जनचासोको विषयमा ध्यान नदिंदा जनतामा दललाई एउटै नजरले हेर्ने गेका छन।काङ्ग्रेस र रास्वपाको त दलको बैठकमा छलफल भइ रहेको छ । नेकपा एमाले संसदीय दलको बैठक बसी रहेको छाआज दिउसो १२ बजे संसद भवनमा एमाले दलको बैठब बैठक बसेको छ । संसदको हिंउदे अधिवेशन मा साँसदहरुलाई विषयवस्तु राम्ररी अध्ययन गरेर संसदमा प्रभावकारी रुपमा प्रष्तुत हुन दलको नेता केपी शर्मा ओली निर्देशन दिएका छन । तर कतिपय साँसदहरुले अध्यक्ष ओलीको निर्देशन अनुसार काम नगरेको,विषय र संसदीय प्रक्रियालाई बुझ्ने प्रयास पनि नगरेको गुनासो आइरहेको छ ।

केही विज्ञहरुबाट सांसदहरुलाई प्रशिक्षित गर्ने काम एमालेले गरेको छा विधेयक कसरी बन्छ,त्यसमा साँसदहरुले कसरी आफ्ना मत राख्ने लगायतका कानुनी विषयमा पूर्व महान्यायधिवक्ता रमेश वडालले प्रशिक्षण दिने कार्यसुची छ । यसैगरी बजेट निर्माण प्रक्रिया,नेपालको अर्थतन्त्रका वर्तमान चुनौतिमा एमालेका साँसदहरुले उठाउनु पर्ने विषयमा पूर्व अर्थमन्त्री डा.युवराज खतिवडाले सांसदहरुलाई प्रशिक्षण दिनेछन । यस्तै पूर्वपराष्ट्रमन्त्री बिमला पौडेल राईले समसामयिक र सामाजिक क्षेत्रका विविध विषयहरुमा प्रशिक्षण दिनेछन । बैठक आइतबार पनि १२ बजे बस्नेछ ।

काङ्ग्रेस र रास्वपाले संसदीय दलको बैठकमा सदनमा कसरी प्रस्तुत हुने बारेमा छलफल भएको संचार माध्यममा आएकै छासरकारको पक्षपाती व्यवहार र कुशासनका कुरा राख्ने संसदमा हो।दलका नेताहरुले आफुलाई भलाद्मी ठान्दा सरकारको कुशासनको अनुमोदन गरेको छालामो समय देखि थाँती राखेकोबाहिर सस्तो लोकप्रियता हो।नेपाली उखान सस्तो बेसाहाले पखाला लाग्छ भने जस्तै सरकार सस्तो लोकप्रियताबाट कहिल्यै परिवर्तन आउनेछैन ।


# सम्झनामा सामाजिक व्यक्तित्व पौडेल

शोभाकान्त सिग्देल

केही दिन अघि भेट भएको थियो बुबा गोविन्दप्रसाद पौडेल सँग । तर एक विहानै मोवाइल के हेरेको थिएँ जेठान दाजु राममणी पौडेलको फेसबुकमा गोबिन्द बुबाको फोटोमा आँखा पऱ्यो । आँखा के पऱ्यो मनमा हुटहुटी चल्न थाल्यो । जुन दिन बुबाको घरमा गएको थिएँ । बुबाले ज्वाँइ साव आउनुहोस बस्नुहोस मात्र नभै एकै लहरमा सबै परिवार सन्चै भन्नु भयो । एउटा बाक्य सकिन पाएको छैन ज्वाँइसाव पोखरापत्र कस्तो चलेको छ । अहिले त गाह्रो हुँदै गएको छ भनी थप माया र चिन्तन व्यक्त गर्नुभयो । परिवार मात्र नभै मेरो १९ वर्ष अघि देखीको पेशालाई समेत याद थियो । उहाँको मनमा उमेर सँगै व्यथाले च्यापेपनि ज्वाँइको ज्वाँइलाई समेत समान गर्ने बुबाको व्यवहार र हक्की स्वभाव हाम्रो आत्ममा सदैव रहिरहने छ ।

विरामी भएर विस्तारामा बस्नु हुन्छ तैपनि कस्तो संस्कार र मर्यादा ज्वाँइ भएर होकि चिसो हात गर्ने के बचन दिनु भयो आमा वेदकुमारी पौडेल मेरो पछि पछि आएर उद्देश्य पुरा गरि छाड्नु भयो । मेरो मात्र नभै कस्केलीकै प्यारो बुबा गोबिन्दको २०८० माघ १५ गतेको मृत्युले फुलवारी, भलाम हुँदै पोखरालाई रुवायो । हामीले एक असल अभिभावक गुमाएका छौ । जस्तो रुप उस्तै व्यवहार । सदैव हँसीलो अनुहार । कसैले हामी माझ जीउँदो मान्छे को हुनुहुन्छ भनेर सोध्नु भयो भने उनै बुबा गोविन्दको नाम लिन सक्छु । बुवालाई चिने जाने देखी हाम्रो आफन्तको कसैको घरमा आइपरेको समस्यामा एक पटक नाम जप्ने नाम हो गविन्द प्रसाद पौडेल । तर जति प्यारो र मायालू भए पनि यस संसारबाट विदा भएर जानै पर्दछ । त्यसैले हरेक जीवनको शुरुवातसँगै एउटा ध्रुवसत्यता पनि सँगै हुन्छ त्यो हो मृत्यु ।

सजीव भएर जन्मेपछि जीवन छोटो वा लामो होला तर सबैको अन्त्य निश्चित छ । तथापि यो तितो यर्थाथलाई भुलेर जीवन र मृत्युबिचको अवधि भित्र आफ्नै तरिकाले जिउने प्रयास सबैको हुन्छ । जीवन चउरेली पिङ्को पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि विदा हुनुपर्छ । जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन । मानीसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ ।



*सातौं दिनको पुण्य तिथिको सन्दर्भमा*

पौडेल परिवार र हामी आफन्त विच गोबिन्द बुबाको सालीन, सहयोगी, समान व्यवहार, हक्की स्वभाव र सबैका आँखाको नानि बन्न सफल बुबा हामी सबैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ । बुबा पौडेल आफन्त, छरछिमेक र हरेक टोल टोलमा सवैसँग मिलेर बस्नु भएको थियो । बुबा सँग २०६० पछि म सँग पनि जीवनमा धेरै पटक भेट हुनु भएको थियो । जुन भेट मेरा जीवनको लागि सदैव स्मरणीय क्षण बनेको छ । उहाँको बचन मेरा लागि मार्गदर्शन भइरहेको छ । बाटुलचौरका नातिनिहरुको हरेक व्यवहारमा म पनि कतै न कतै ठोकिन पुग्थे बुबा सँग । बुबाको एक वचनमा जहाँ बोलाउनु हुन्थ्यो त्याहँ यो ज्यान हाजिर हुन्थ्यो । बुबाको व्यवहारले नै आज सबै नातिनिहरुको जीवन राम्रोमय भइरहेको छ । बुबाको मिठो वचन र सहज व्यवहारले आज पनि बुबाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र कस्केलीले विर्सन सक्दैन । कस्केलीलाई मात्र नभै बुबा पौडेलको नातिनि सृजना अधिकारीले हजुरबाको मृत्युले हाम्रो परिवारको मियो ढल्यो भन्दै उहाँले जीवनमा दिनु भएको हरेक सल्लाह भन् आउन थालेको पोखरापत्रलाई वताउनु भयो ।

साविक भलाम गाविस वडा नं ४ को हाल पोखरा महानगरपालिका वडा नं २० मा बुबा रुद्रनाथ पाध्या र आमा मधुमाया पौडेलको कोखवाट विस. २००८ साल वैशाख १७ गते जन्मनु भएको थियो । विस २०२० साल फागुन २० गते पं श्रीरमण पराजुली र उमा पराजुलीकी छोरी वेदकुमारी पौडेलसँग दाम्पत्य जीवनमा बाँधिनु भएको थियो बुबा गोबिन्द । सामाजिक सेवा सँगै शिक्षा क्षेत्रमा समेत उल्लेखनीय योगदान पुऱ्याउनु भएको छ । उनै पौडेल बुबाका दुई छोरा महेश, सुजन र दुई छोरी इन्दिरा र भगवती हुनुहुन्छ । चार सन्तानवाट ४ नाति ८ नातिनि ३ पनाती २ पनातीनीका धनि हुनुहुन्थ्यो बुबा पौडेल । बुबा पौडेलका जेठा छोरा महेश पौडेल कृषि विकास बैंक लि गण्डकी प्रदेश कार्यालय पोखराबाट वरिष्ठ शाखा प्रबन्धक नवौ तहवाट बाबाको मृत्यु हुन एक दिन अगाडि निवृत हुनु भएको छ । साथै विभिन्न सामाजिक संघ सस्थामा समेत आवद्ध हुनुहुन्छ । कान्छा छोरा सुजन पनि सफल व्यवसायी र विभिन्न धार्मिक र सामाजिक संघ सस्थाको नेतृत्व गर्दै आउनु भएको छ । दुई छोरी इन्दिरा अधिकारी र भगवती वाँस्तोलाको परिवार पनि राम्रो सँग चलिरहेको छ । उहाँको परिवार सँग गाँसिनु भएको पौडेल परिवार लगायत सम्पूर्ण इष्टमित्र सामाजिक सेवामा रातदिन तल्लिन हुने र मनका धनि हुनुहुन्छ । अन्तमा स्व. गोविन्द बुबाको असामयिक निधन भएको पीडादायी क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।

# साहित्य, पूर्वाधार र शिक्षामा भानुको प्राथमिकता

पोखरापत्र संवाददाता
दमौली, २० माघ

तनहुँको भानु नगरपालिकाले साहित्य, पूर्वाधार निर्माण र शिक्षालाई प्राथमिकतामा राखेर योजना अगाडि बढाएको छ । आदिकवि भानुभक्त आचार्यको जन्मस्थान रहेको भानु नगरपालिकाले 'साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध समुन्नत भानु राम्रो' नारालाई मूर्त रुप दिन योजना अगाडि बढाएको हो ।

नगरको साधन, स्रोत र बजेटको सीमित परिधिबाट नागरिकका असीमित इच्छा, आकाङ्क्षालाई समेट्दै दिगो, प्रभावकारी र मितव्ययी योजना कार्यान्वयन गर्न लागिपरेको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाले भौतिक पूर्वाधारतर्फ कच्ची अवस्थामा रहेका सडक कालोपत्र गर्ने योजनालाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।"

पालिकाले चालु आवमा भौतिक पूर्वाधारतर्फ वडागत चार सय ७३, नगरस्तरीय ४९, यसअघि ठेक्का आह्वान गरिएका १४ गरी पाँच सय ३६ योजना रहेकामा हालसम्म दुई सय ३७ योजनाको लगत अनुमान तयार गर्नुका साथै ९३ योजनाको सम्झौता भएको त्रिपाठीले जानकारी दिनुभयो ।

त्रिपाठीका अनुसार चालु आवमा सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत खर तथा फुसको छाना विस्थापनका लागि एक सय ६९ लाभग्राहीको पहिलो र दोस्रो किस्ता प्राप्तिको प्रक्रियामा अघि बढेको छ ।

नगरपालिकाले भानु जन्मस्थल मार्ग, कालीमाटी कुन्छा मोटरमार्ग, रातमाटा राइपानी मोटरमार्गको निर्माण सुरु गरेको छ । सबै वडा कार्यालयसम्म वर्तमान कार्यकालभित्र पक्की सडक पुऱ्याउने लक्ष्य पूरा गराउन सङ्घीय र प्रदेश सरकारसँग पहल थालिएको नगरप्रमुख त्रिपाठीले बताउनुभयो ।

शिक्षा र स्वास्थ्यतर्फ शिक्षक दरबन्दी मिलान गरिएको छ भने स्थानीय पाठ्यक्रम निर्माण भई कक्षा १ देखि ५ सम्मका सबै विद्यालयमा पुऱ्याइएको नगरप्रमुख त्रिपाठीले जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य सेवातर्फ विपन्न नागरिक सहयोगअन्तर्गतका कार्यक्रम निरन्तर सञ्चालन भई हालसम्म ५५ जनाको सिफारिस गरिएको छ । मिर्गौलाको डायलासिस, मिर्गौला प्रत्यारोपण, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएकाको थप उपचारका लागि रु ४० लाख बजेट विनियोजन गरिएको त्रिपाठीको भनाइ थियो । कालीमाटी अस्पताल निर्माणका लागि ठेक्का सम्झौता भए पनि भवनको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) अनुसार यकिन गरिएको स्थानमा जग्गासम्बन्धी विवाद भएपछि काम नबढेकाले सोही जग्गा बराबरको फरक स्थानमा निर्माणस्थल यकिन गरिएको नगरप्रमुख त्रिपाठीले बताउनुभयो । पर्यटन तथा संस्कृति संरक्षणतर्फ 'भानु जन्मस्थल जाऔं, भानुलाई चिनाऔं' अभियान अगाडि बढाइएको छ । भानुको पूर्णकदको प्रतिमा निर्माण गर्नुका साथै उक्त क्षेत्रलाई भानु साहित्यिक उद्यानको रुपमा विकास गर्न देश तथा विदेशस्थित दातृ निकाय, प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिएको त्रिपाठीले बताउनुभयो । उहाँले भन्नुभयो, "आदिकवि भानुभक्त आचार्यको पूर्णकदको एक सय आठ फिटको शालिक चुँदीरम्घामा निर्माण गर्नका लागि तयारी भइरहेको छ ।"

नगरप्रमुख त्रिपाठीले भानुलाई साहित्यिक पर्यटकीयस्थलका रुपमा विकास गर्ने योजना बनाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली साहित्यका आदिकवि आचार्यको जन्मथलोलाई साहित्यक पर्यटकीयस्थल बनाउँदै देश र विदेशबाट पर्यटक आउने वातावरण सृजना गर्ने लक्ष्य छ ।" कृषि क्षेत्रलाई प्राथमिकतामा राखी योजना बनाइएको बताउँदै त्रिपाठीले मौरी पालनको पकेट क्षेत्र स्थापना र विकासका लागि मौरीघार, आवश्यक सामग्री, चरन क्षेत्रको विस्तार तथा विकास, आधारभूत तालिम उपलब्ध गराइएको जानकारी दिनुभयो । मकै पकेट, साना सिँचाइ, तरकारी तथा आलुखेती प्रवर्द्धन गर्दै मागमा आधारित सामग्री कृषकलाई सहयोग गर्ने गरिएको उहाँको भनाइ थियो ।

नगरपालिकाले गत आर्थिक वर्षमा रु दुई करोड ५० राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु एक करोड ७८ लाख ८१ हजार एक सय ८० सङ्कलन गरेको नगर उपप्रमुख एवं राजस्व समितिका संयोजक उमा गोतामेले जानकारी दिनुभयो । चालु आवमा रु तीन करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ । पुस १५ गतेसम्म रु ८९ लाख ९६ हजार आठ सय ३८ सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

# माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु

पोखरापत्र संवाददाता
दमौली, २० माघ

तनहुँको शुक्लागण्डकी नगरपालिका–६ कुल्लेखोलामा माछा माने क्रममा करेन्ट लागेर शनिबार एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय २८ वर्षीय सन्तोष कुमाल रहेका जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

सल्यानको शारदा नगरपालिका–१२ घर भई हाल शुक्लागण्डकीको ओख्ले बस्ने २५ वर्षीय सन्तोष डाँगी र २८ वर्षीय कुमालले विद्युतीय तारको प्रयोग गरी माछा मार्ने क्रममा कुमाललाई करेन्ट लागेको थियो । करेन्ट लागेर घाइते अवस्थामा कुमाललाई उपचारका लागि शुक्लागण्डकी–५ स्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाव | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : स्वस्थ्यमा सुधार |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्रथम राष्ट्रिय दरै कपको उपाधि दुम्सीलाई

पोखरापत्र संवाददाता
दमौली, २० माघ

यहाँ सम्पन्न प्रथम राष्ट्रिय दरै कपको उपाधि दुम्सी दरै इकाइ व्यास–१० ले जितेको छ ।

नेपाल दरै समाज तनहुँले आयोजना गरेको दरै कप सेभेन ए साइड फुटबल प्रतियोगिताको आज सम्पन्न फाइनलमा आयोजक दरै समाज तनहुँलाई हराउँदै दुम्सीले उपाधि जितेको हो । निकै प्रतिस्पर्धात्मक खेलमा दुम्सी टाइबेकरमार्फत विजयी भएको हो । दुम्सीले आयोजक दरै समाजलाई टाइबेकरमा ५–४ गोल अन्तरले पराजित गरेको छ । निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेल टाइबेकरमा धकेलिएको थियो । निर्धारित समयमा दुवै टोलीका लागि गोल गर्ने अवसर भए पनि त्यसको सदुपयोग हुन सकेन ।

आजै भएको सेमिफाइनलमा चितवनको मङ्गलपुरलाई हराउँदै दुम्सी दरै इकाइ व्यास–१० फाइनलमा पुगेको थियो । उक्त खेलमा दुम्सी दरै इकाइ २–० ले विजयी भएको थियो ।

दोस्रो सेमिफाइनल खेलमा साँखर दरै इकाइ व्यास–४ लाई हराउँदै आयोजक दरै समाज तनहुँ फाइनल पुगेको थियो । उक्त खेलमा दरै समाज १–० गोलले विजयी भएको थियो ।

उपाधिसँगै दुम्सी दरै इकाइले रु एक लाख एक हजार एक सय ११ र ट्रफी प्राप्त गरेको छ । उपविजेता दरै समाज तनहुँ भने रु ५१ हजार एक सय ५१ नगद र ट्रफी हात पारेको छ ।

दरै जातिका युवामात्र सहभागी उक्त प्रतियोगिता यही माघ १५ गतेदेखि सुरु भएको थियो । प्रतियोगितामा छवटा जिल्लाका २३ समूहको सहभागिता थियो।प्रतियोगितामा तनहुँ, चितवन, नवलपुर, गोरखा, धादिङ र पाल्पाका दरै समुदायका खेलाडीको सहभागिता रहेको दरै समाज तनहुँका सचिव विजय दरै जानकारी दिनुभयो । नेपालका १३ जिल्लामा दरै समुदायको बसोबास रहेकामा करिब २० हजार जनसंख्या छ ।

दरै जातिका युवामा खेलकुदप्रति आकर्षित गराउन प्रतियोगिता आयोजना गरिएको समाजका अध्यक्ष ठाकुर दरैले जानकारी दिनुभयो ।

# लोप्रेमा लाटोकोसेरो तथा हुचिल उत्सव

**रासस**
म्याग्दी, २० माघ

म्याग्दीको सिमानामा रहेको पर्वतको जलजला गाउँपालिका-५ लोप्रेमा शुक्रबारदेखि ११औँ लाटोकोसेरो तथा हुचिल उत्सव सुरु भएको छ । प्रकृतिका साथीहरू र प्राकृतिक सम्पदा संरक्षण' संस्थाको संयुक्त आयोजनामा लोप्रेको मालिका आधारभूत विद्यालय परिसरमा उक्त उत्सव आयोजना गरिएको हो ।

ग्रामीण क्षेत्रमा लाटोकोसेरो तथा हुचिललगायत चरा, वन्यजन्तु संरक्षणको सन्देश दिने उद्देश्यले उत्सवको आयोजना गरिएको प्रकृतिका साथीहरू संस्थाका निर्देशक राजु आचार्यले जानकारी दिनुभयो । "अवैध व्यापार र चोरी शिकारका कारण सङ्कटापन्न अवस्थामा रहेको लाटोकोसेरो संरक्षणको सन्देश प्रवाह गराउने उद्देश्यले यसअघि नेपालका दश ठाउँमा उत्सव गरिसकेका छौँ", उहाँले भन्नुभयो, "लाटोकोसेरोलगायत पन्छी र वन्यजन्तुसँगै स्थानीय मौलिक कला र संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा जोड दिएका छौँ ।" ठूला र बूढा रुख कटानी हुँदा लाटोकोसेरोलाई वासस्थानको अभाव भएको छ । आधुनिक घर बनाउने क्रमसँगै पुराना घरमा बनाइने खोपीमा बस्ने र सन्तान उत्पादन गर्ने लाटोकोसेरोमैत्री संरचनाको अभाव भएको छ । सुरक्षित आहाराको कमी, कृषिमा प्रयोग हुने रासायनिक मल तथा विषादीको बढ्दो प्रयोगका कारणले पनि लाटोकोसेरो लोप हुने अवस्थामा पुगेको संरक्षणविद् डा हुम गुरुङले बताउनुभयो । "नेपालमा २३ प्रजातिका लाटोकोसेरो पाइन्छन्", उहाँले भन्नुभयो, "तीमध्ये नौ प्रजाति राष्ट्रियरुपमा सङ्कटापन्न अवस्थामा रहेको अध्ययनले देखाएको छ ।" लाटोकोसेरोले मुसा खाएर किसानको बाली नाली जोगाउन भूमिका खेल्छ । यसैले लाटोकोसेरोलाई किसानको साथी पनि भनिन्छ । यसका साथै अन्य हानिकारक कीरा, फट्याङ्ग्रा, सर्प, छेपारोलगायत जीवलाई आहारा बनाएर लाटोकोसेरोले पारिस्थितिक प्रणालीलाई सन्तुलित राख्न र सनातन खाद्यचक्रलाई गतिशील बनाउन भूमिका खेलेको छ । लाटोकोसेरो तथा हुचिल संरक्षणका लागि समुदाय र सरोकारवाला निकायलाई सुसूचित र संरक्षणमा लाग्न प्रेरणा दिन प्रत्येक वर्ष फरक फरक जिल्लामा लाटोकोसेरो उत्सव गरिँदै आएको छ । हालसम्म धादिङ, चितवन, नवलपरासी, गोरखा, कपिलवस्तु, दोलखा, कास्की, खोटाङ, स्याङ्जा र कैलालीमा संरक्षण उत्सव गरिएको छ । लाटोकोसेरो संरक्षणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागले दश वर्षे लाटोकोसेरो तथा हुचिल संरक्षण कार्ययोजना (सन् २०२०-२०२९) लागू गरेको छ । यस योजनाले लाटोकासेरो संरक्षण र चोरी सिकार नियन्त्रण हुने विश्वास गरिएको छ । उत्सवले समुदाय स्तरमा लाटोकोसेरोको महत्व बुझाउन र समुदायलाई संरक्षणमा अग्रसर बनाउन मद्दत पुगेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । महँगोमा बिक्री हुन्छ भन्ने भ्रममा परेर लाटोकोसेरो मार्ने तथा बेच्ने गरेकाले यसको सङ्ख्या घटेको छ । उत्सवले लाटोकोसेरालगायत पन्छी संरक्षणको सन्देश प्रवाहका साथै फलामेडाडा र जलजलाको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उहाँले बताउनुभयो । चरा तथा प्रकृतिको अवलोकन, स्थानीय लोपोन्मुख खेल तथा सांस्कृतिक गीत तथा नाचको प्रदर्शनी गरिएको छ । स्थानीय विद्यालयको नाच, पञ्चेबाजा, पुख्र्यौली नाच, थिएटर नाच, यानी माया, सालैजो, लोपोन्मुख स्थानीय खेल ठेलो, चिल चल्ला, भुरुङ, मौरी बजाउने उत्सवका थप आकर्षण रहेको मुल आयोजक समितिको प्रचारप्रसार संयोजक पुर्खपुर्जा पुनले बताउनुभयो । वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीले लाटोकोसेरो संरक्षणसम्बन्धी नाच तथा नाटक, गाउँपालिकास्तरीय स्थानीय विद्यालयमा चित्रकला, निबन्ध तथा कविता प्रतियोगिता आयोजनागरिएकोछ।लाटोकोसेरोको अस्थायी सङ्ग्रहालय निर्माण गरी प्रदर्शनी गरिएको छ । प्रदर्शनीमा लाटोकोसेरोको जानकारी भएको सूचना, चित्र, तथा फोटो राखिएको छ । गहुँको छ्वालीबाट, चुराबाट, ढुङ्गाबाट, स्टिलको पाताबाट, लप्सीको दानाबाट तथा माटोबाट बनाइएका लाटोकासेरोसमेत प्रदर्शनीमा राखिएका छन् ।

आठ प्रजातिको लाटोकोसेरोको आवाज सुन्ने र श्रव्यदृश्य हेर्ने व्यवस्था मिलाइएको छ । उत्सवमा सहभागी हुनेको अनुहार तथा नङमा लाटोकोसेरो तथा हुचिलको चित्र कुँदिएको छ । उत्सवमा लाटोकोसेरोको एक फिट अग्लो रोबोट समेत प्रदर्शनी गरिएको छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्राकृतिक विज्ञान सङ्ग्रहालयबाट लाटोकोसेरोको नमूना पनि प्रदर्शनीमा राखिएको छ। उत्सवमा वन्यजन्तु अनुसन्धानकर्मीको आफ्नो अनुसन्धानको बारेमा पोष्टर प्रस्तुत गर्ने कार्यक्रम छ।

वातावरण क्षेत्रका विभिन्न सङ्घ संस्थाको जानकारीमूलक कक्ष छन् । उत्सव समापनका क्रममा चार जना अनुसन्धान र संरक्षणकर्मीलाई जनही रु २५ हजार नगदसहित ताम्रपत्र तथा दोसल्लाबाट सम्मान गर्ने कार्यक्रम छ । स्थानीय सांस्कृतिक कार्यक्रम तथा खेलहो माध्यमबाट आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्ने उत्सवको उद्देश्य छ ।

# नेपाल आइडलको पोखरा अडिसन माघ २३ मा, गुप्तेश्वर महादेव क्याम्पसमा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

एपीवान टेलिभिजनले निर्माण तथा प्रसारण गर्दै आएको नेपाल आइडल पाँचौं संस्करणको पोखरा अडिसन माघ २३ गते हुदैछ। पोखरा १७ छोरेपाटनको गुप्तेश्वर महादेव बहुमुखि क्याम्पसमा अडिसन हुन लागेको हो ।

गायन क्षेत्रमा रुची भएकाहरु आईडलको अडिसनका लागि पोखरामा भाग लिन सक्ने छन् । १६ देखि ३० वर्षसम्म उमेर समुहका युवाले निःशुल्क रुपमा अडीसनमा सहभागिता जनाउन सक्नेछन् । पुस २१ गते झापाबाट सुरु भएको सिजन ५ को अडिसन पोखरामा हुदाँ यस क्षेत्रका संगितप्रेमीहरु उत्साहित छन् । नेपाल आइडल सिजन ५ मा न्ह्यू बज्राचार्य, इन्दिरा जोसी र कालीप्रसाद बाँस्कोटा निर्णायकको भूमिकामा रहेका छन् । नेपाल आइडल गायकको खोजी गर्ने उपयुक्त प्लेट फर्म भएको निर्देश सुरेश पौडेले जानकारी दिए । उनले पोखराबाट धेरै प्रतिभाहरु नेपाल आइडलका अघिल्ला सिजनहरुमा आएको भन्दै यस पटक पनि उत्कृष्ट प्रतिभा पोखराबाट आउने बताए ।

नेपाल आइडल सिजन १ देखि ४ सम्मका विजेता क्रमशः बुद्ध लामा, रवि ओड, सज्जा चौलागाईं र भूपेन्द्र थापा मगर हुन् । पहिलो नेपाल आइडलका विजेता बुद्ध लामा पोखरा कै हुन् । पोखरा अडिसका लागि नेपाल आईडलको ७० जनाको टोली पोखरा आउदै छ ।

# चण्डी आधारभुत विद्यालयको ३७ औं बार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

कास्कीको रूपा गाउँपालिका वडा न १ फल्याङ्गकोटस्थित श्री चण्डी आधारभुत बिद्यालयको ३७ औं बार्षिकोत्सब तथा अभिभावक दिवस सनिबार सम्पन्न भएको छ ।

समारोहको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो । उद्धाटन गर्दै प्रमुख पौडेलले शिक्षाले ब्यक्तित्व र संस्कार निर्माण गर्ने र समुन्नत समाज निर्माणमा महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोही अनुसार लागि पर्न अनुरोध गर्नुभयो । पौडेलले बिकासमा बिना पूर्बाग्रह काम गर्नुपर्ने र त्यसबाट नै गुणस्तरीय र सबल बिकास संभब हुने उल्लेख गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका सदस्य क्याप्टेन हर्क बहादुर गुरुङ, बिद्यालयका पूर्ब प्रधानाध्यापक कृष्ण प्रसाद अधिकारी, प्रधानाध्यापक



सन्तोष अधिकारी, सामुदायिक बिद्यालय ब्यबस्थापन समिति महासंघ कास्कीका अध्यक्ष दिपक थापा, महासंघकै कोषाध्यक्ष नारायण कुमार श्रेष्ठ, रूपा गाउँपालिकाका पूर्ब कार्यपालिका सदस्य बम बहादुर श्रेष्ठ, बिद्यालयका आजिबन सदस्य साबित्रा अधिकारी, पूर्ब ब्यबस्थापन समिति अध्यक्षद्वय एकनाथ गौतम र चन्द्रकान्त कोइराला, जटेश्वर मा बि का प्रधानाध्यापक युबराज अधिकारी, रुपा गाउँपालिकाका वडा सदस्य शान्ता अधिकारी सहितले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा शैक्षिक तथा अतिरिक्त क्रीयाकलापमा बिजेता बिद्यार्थिहरूलाइ पुरस्कृत गरिएको थियो भने बिद्यार्थीहरूले गित नृत्य लगायतका विभिन्न सान्स्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रम बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष आकाश अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सुन्तला बेचेर करोडौँ आम्दानी

**पोखरापत्र संवाददाता**
बागलुङ, २० माघ

बागलुङको सुन्तला गाउँका रुपमा परिचित सिगानाका किसानले यसवर्ष सुन्तला बिक्री गरेर रु तीन करोड भित्राएका छन् । गतवर्ष भन्दा यस वर्ष सिगानामा सुन्तला उत्पादनमा वृद्धि भएको किसानको भनाइ थियो । यस वर्ष उनीहरुले गत वर्षकै मूल्यमा बगैँचा नै व्यापारीलाई बिक्री गरेका थिए । बोटबाटै सुन्तला बिक्री गर्दा सरदर मूल्य प्रतिकेजी रु ५० पर्न गएको छ ।

यस वर्ष उत्पादित यहाँको सुन्तला ९० प्रतिशत बजार पुगिसकेको छ । गणेश कृषि व्यावसायिक सहकारीमार्फत सुन्तलाको बजारीकरण समेत हुँदै आएको छ । बागलुङ नगरपालिका-८ सिगानाका किसानले सुन्तला बिक्रीबाट रु तीन करोड भित्राउन सफल भएका हुन् । सहकारीले सङ्कलन गरेको तथ्याङ्कअनुसार गत वर्ष सुन्तला बिक्रीबाट रु दुई करोड ७५ लाख भित्राइएको थियो । यस वर्ष रु तीन करोड ५० लाखको सुन्तला बिक्री गर्ने लक्ष्य रहेपनि मूल्य वृद्धि नहुँदा करिब तीन करोडको मात्रै बिक्री भएको किसानले बताएका छन् ।

अहिले सहकारीले सुन्तला बिक्रीको तथ्याङ्क सङ्कलन गरिरहेको सहकारीका सल्लाहकार एवं अगुवा सुन्तला किसान शिवकुमार खड्काले बताउनुभयो । "गत वर्ष तीन करोडको अनुमान गरिएकामा सबै तथ्याङ्क रु दुई करोड ७५ लाख गाउँ भित्रिएको पाइयो", उहाँले भन्नुभयो, "अहिले गत वर्ष भन्दा केही बढी आम्दानी भएको छ ।" सिगाना गाउँको साविक ३, ४, ५ र ७ वडामा सुन्तला राम्रो उत्पादन हुने खड्काले जानकारी दिनुभयो । "सहकारीमा मात्रै आबद्ध एक सय ५० किसान सुन्तला खेतीमा छन्", उहाँले भन्नुभयो, "सहकारीमार्फत ४० हजार नयाँ बिरुवा अनुदानमा वितरण गरिरहेको थियो । अबको पाँच वर्षमा रु पाँच करोडको सुन्तला बिक्री गर्ने लक्ष्य रहेको छ।" आठ रोपनी जग्गामा व्यावसायिक सुन्तलाखेती गर्नुभएका अनन्तबहादुर खड्काले यस वर्ष पाँच लाख ५० हजारमा सुन्तला बगान पोखराका व्यापारीलाई बिक्री गरेको बताउनुभयो । उहाँले यस वर्ष सुन्तलाको उत्पादन बढेपनि मुल्य भने पोहरकै भएकाले आम्दानी पनि उस्तै भएको बताउनुभयो ।

सिगानाका किसानले न्यूनतम २५ हजारदेखि अधिकतम पाँच लाखसम्म सुन्तलाको बिक्री गर्दै आएका छन् । खड्काका अनुसार पोखरा, चितवन, नारायणगढ र धादिङका व्यापारीले यहाँका सुन्तला बोटबाटै टिपेर लैजाने गरेका छन् । बगैँचा विस्तार र मलजलको उचित व्यवस्था भए सुन्तालाको उत्पादन राम्रो हुने उहाँको भनाइ थियो । यसवर्ष सुन्तलाको दाना राम्रो फलेको भन्दै किसान रामबहादुर खड्काले अधिकांश किसानले बोट नै ठेक्कामा दिएका बताउनुभयो । उहाँका अनुसार नयाँ सुन्तला बगैँचा बढिरहेकाले यहाँका किसानले वार्षिक ५० लाखका दरले उत्पादनमा वृद्धि गर्ने लक्ष्य लिएका छन् । सिगानामा १२ हजारभन्दा बढी सुन्तलाको बोटले उत्पादन दिइराखेका छन् भने ४० हजारभन्दा बढी नयाँ बिरुवा हुर्किरहेका छन् । सुन्तला जोन क्षेत्रमा समेटिएको सिगानामा छ वर्ष अघिदेखि व्यावसायिक सुन्तला खेती वृद्धिका लागि अन्य रुख फडानी गर्ने अभियान वडा कार्यालयले चलाएको थियो । अहिले प्रतिकिलो होलसेल मूल्य रु ५० देखि ६० का दरले बिक्री भइरहेको छ । सिगानाको बेसी, वडा कार्यालय क्षेत्र, बाँस्कोटलगायत स्थानमा अधिकांश जमिन सुन्तला खेतीले ढाकेको छ ।

सिगानासँगै बागलुङको बिहुँ, तित्याङ, भकुण्डे, लेखानी, सर्कुवा र दमेकलगायत स्थान सुन्तला खेतीका लागि उर्बर मानिन्छन् । जिल्लामा करिब पाँच हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको कृषि ज्ञान केन्द्र बागलुङका बागबानी विकास अधिकृत कुमार पुनले जानकारी दिनुभयो । उहाँका अनुसार समग्र जिल्लामा यस वर्ष रु २० करोडको सुन्तला उत्पादन भएको छ ।

# गाउँमा मोटर गुड्न थालेपछि घाँस र मल बोक्छन् खच्चड

**रासस**
बागलुङ, २० माघ

एकदशक अगाडिसम्म बागलुङका अधिकांश ग्रामीण क्षेत्र सडक सञ्जालले जोडिएका थिएनन् । टाढा यात्रा गर्दा पैदल नै हिँड्नुपर्ने बाध्यता थियो । सामान भने घोडा खच्चडमा ढुवानी गरिन्थ्यो । टाढाटाढाबाट सामान ढुवानी गर्नका लागि निकै सहयोगी मानिने खच्चड हिजोआज कामविहीन जस्तै भएका छन् ।

स्थानीयले कामविहीन खच्चडलाई पाल्न पनि चाहँदैनन् । बागलुङको ढोरपाटनका स्थानीयले अहिले पनि खच्चडको प्रयोग गर्दै आएका छन् । भौगोलिक कठिनाइका कारण ढोरपाटन क्षेत्रको धेरै गाउँमा सडक पुग्न सकेको छैन । सडक नपुगेका ठाउँमा घोडा खच्चडबाटै समान ढुवानी गरिन्छ । सडक पुगेका ठाउँका स्थानीय मल र घाँस खच्चडमा ओसारपसार गर्छन् । ढोरपाटनसहित बोबाङ, निसेलढोरमा पनि खच्चडमा घाँस र मल बोकाउने प्रचलन बढेको छ । ढोरपाटनमा गाडी आएपछि घोडा र खच्चडको काम घटेको स्थानीय वीरबहादुर सुनारले बताउनुभयो । आफ्नो घर सडकभन्दा धेरैमाथि हुँदा घोडामै यात्रा गर्ने उहाँको भनाइ छ । सबैभन्दा बढी जङ्गलबाट घाँस दाउरा ओसार्न र बारीमा मल पुऱ्याउन खच्चड प्रयोग हुने



गरेको सुनारले बताउनुभयो । गाउँमा सडक नआउँदा पसलका सामान ढुवानी गरेर मासिक रु ४० हजार बढी कमाउने गरेको उहाँले सुनाउनुभयो । "हाम्रोपालामा मोटर गाडी चल्दैनथे, बाटो पनि गतिलो थिएन, अहिले जहाँ पनि गाडी चल्छन्, त्यहीँ भएर बजारतिर जानै छाडियो, भएका घोडा बेच्न खोजे पनि कसैले किन्दैनन्, त्यही भएर केही काम त लगाउनुपऱ्यो भनेर मल र घाँस बोकाउने गरेको छु", उहाँले भन्नुभयो, "गाउँमा मेरोमात्रै होइन अरु धेरैका घोडा खच्चड छन्, पहिले त घोडा खच्चड हुने मान्छे धनीमानी मानिन्थे, अहिले केही महत्व छैन ।"

गाउँका टोलटोलमै सडक पुगेपछि घोडा, खच्चड पाल्नै गाह्रो भएको निसीखोला गाउँपालिका-५ निसेलढोरका तलकुमार विकले बताउनुभयो । अहिले पाँच घोडा पाल्दै आएको विकले बाउबाजेको पालादेखि नै घरमा घोडा खच्चड पाल्दै आएको हुँदा आफूले पनि त्यसलाई निरन्तरता दिएको जनाउँदै अहिले घाँस र दाना पुऱ्याउनै गाह्रो पर्ने बताउनुभयो । पहिले सामान ढुवानी गर्ने काम पाउँदा दाना किनेर खुवाउने गरे पनि अहिले घाँससमेत खुवाउन नसक्ने स्थिति आएको विक बताउनुहुन्छ । उहाँले भन्नुभयो, "घाँस खुवाएर पाल्नै गाह्रो छ, उत्पादन केही छैन, त्यही भएर भारी बोक्ने काममा खच्चड लगाउने गरेको छु, टाढा जानुपऱ्यो भने एउटा घोडा पनि छ, त्यहीमा चढेर जान्छु, हाम्रो बाउबाजेले घोडा पालेर परिवार चलाउथे, अहिले हामीहरुलाई घोडा पाल्न गाह्रो छ ।"


**Government of Nepal**
**Ministry Of Home Affair's**
**Gandaki Pradesh Prahari Gan**
**Pokhara**

## Invitation for Online Bids

**Date of Published- 2080/10/ 21(Feb 4th, 2024)**

Gandaki Pradesh Prahari Gan Pokhara invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Construction Site | Estimate Amount NRS. ( Excluding VAT, PS and Contingencies) |
|---|---|---|---|
| GAN/POKHARA-080/81/ REG/01 | Renovation of SP Quarter. | Gandaki Pradesh Prahari Gan Pokhara | 26,21,267.81 |